Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गैडहवा-२ बिश्नुपुर, रुपन्देही

लुम्बिनी प्रदेश नेपाल

प.सः ०७९/०८०

प्रथम पटक प्रकाशित मितिः२०७९ माघ १८ गते

च.नं/राजश्व/

ढुङ्गा, मिस्कट ,बालुवा उत्खनन गरि बिक्री गर्ने कार्यको लागि बोलपत्र आह्वान सम्बन्धि सूचना ।

स्थानिय सरकार सँचालन ऐन,२०७४ को दफा ६२क र लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र यस गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको निर्णय तथा तोकेको दरमा बिक्री गर्ने गरि बोल कबोल बढाबढको विद्युतीय माध्यमबाट ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मा वोलपत्र पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का विवरण

| क्र.स. | आय ठेक्का नं | बोलपत्रको विवरण | उत्खनन परिमाण (घन फुट) | न्युनतम ठेक्का अंक (मु.अ.कर तथा अन्य कर बाहेक)रु. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | 20/GRM/NCB/079-080(Revenue) | Extraction of natural river bed materials of kadmahawa ghaat | 776442.94 | 6211543.5 | 3000/- | |
| 2 | 21/GRM/NCB/079-080(Revenue) | Extraction of natural river bed materials of suryapura ghaat | 1037429.56 | 8299436.48 | 3000/- | |
| 3 | 22/GRM/NCB/079-080(Revenue) | Extraction of natural river bed materials of khaireni kutta ghaat | 383536.64 | 3068293.12 | 3000/- | |
| 4 | 23/GRM/NCB/079-080(Revenue) | Extraction of natural river bed materials of lodhpurawa ghaat | 683914.79 | 5471318.32 | 3000/- | |

शर्तहरुः

१.बोलपंत्र खरिदकर्ताले मु.अ.कर दर्ताको प्रमाण पत्र,०७८-०७९ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,फर्म दर्ता र नविकरणको प्रमाण पत्र साथ तोकिएको बोलपत्र फारम दस्तुर यस गैडहवा गाउँकार्यपालिकाको कार्यालय गैड्हवा-३ को एन.आई.सी. एशिया बैङ्क गैडहवा शाखाको खाता नं ११०२०५००२९००६००२ मा रकम जम्मा गरेको भौचर साथ मिति २०७९/११/१९ गते दिउसो १२ वजे सम्म बोलपत्र डाउनलोड एवम खरीद गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाता सार्वजनिक सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मा मात्र वोलपत्र डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

२०७९/१०/१८
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२.बोलपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्र फारम खरिद गरि छुट्टा छुट्टै दर्ता गर्नु पर्नेछ।

३.ठेक्का लिन चाहने ईच्छुक कम्पनि वा फर्महरुले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत धरौटी रकम नगद राखु पर्नेछ। धरौटी वापत एन.आई.सी. एशिया बैङ्कको धरौटी खाता नं ११०CA५००१४८१६००४ मा रकम जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैङ्कबाट जारी गरिएको कम्तिमा मिति २०८० असार मसान्त सम्म मान्य हुने बिड बण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरि आवश्यक कागजात सहित कार्य समझौताको लागि सम्पर्क राखु पर्नेछ ।

५.खरीद गरेका बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरि फर्मको, नाम ठेगाना कामको विवरण ठेक्का विवरण प्रोपराईटरको नाम फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ बजे भित्र विद्युतीय माध्यमबाट मात्र दर्ता गर्न सकिनेछ ।

६.वोलपत्र खरीद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट साथी उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ । साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र आर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

७.रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको (२०७९/११/१९) गते दिउसो २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्ने वाधा पर्ने छैन ।

८.शिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।साथै कार्यालय र बोलपत्रदाता बीच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

९.यस सूचनामा उल्लेख भएका शर्तहरु संघीय कानुन र प्रदेश कानुनमा उल्लेख भएका कुराहरु र यस गाउँकार्यापालिकाको निर्णयानुसार दिईने सुझाव यस ठेक्का प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन ।

१०.यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम र उक्त स्थानको प्रारम्भिक वातावरणिय परिक्षण पर्तिबेदन २०७९ बमोजिम हुनेछ ।

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल
२०७३

१११८

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत